## बैठक संख्या ७

आज मिति २०८२/०८/०३ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

बेलडाँडी गाउँकार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या -७/ २०८२-०८३/मिति २०८२/०८/०३ गते

प्रस्ताव नं १ अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल हुँदा रीट निवेदक कृपाराम उपाध्यायले उत्प्रेषण,परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ भनि बेलडाँडी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय वडा नं २ कञ्चनपुर समेतलाई विपक्षी बनाई सम्मानीत सर्वोच्च अदालतमा रीट नं. ०८२-WO-०३६४ बाट उत्प्रेषण माग दाबी गरि दर्ता गरेको रीट निवेदनमा यस बेलडाँडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वडा नं. २ कञ्चनपुरका समेतका नाममा मिति २०८२/०७/२० गते का दिन १५ दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ दर्ता गर्न जिल्ला कञ्चनपुर वेलौरी नगरपालिका वडा नं.१० घर भई हाल जिल्ला काठमाण्डौं, का म न पा वडा नं २९ बस्ने केशव दत्त जोशीको छोरा वर्ष २५ को संदिप जोशी (ना.प्र.प.नं.७५/०१/७७/०६१६) लाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ छानबिन समिति गठन गर्ने सम्वन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल हुदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरको प सं. अनु (२क) ८२८३C०२२१७२/२०८२/८३ च नं Knp-८२८३-१८७३८ मिति २०८२/०७/२७ गतेको स्थलगत छानविन गरि प्रतिवेदन पठाईदिने सम्बन्धीको पत्रानुसार देहाय वमोजिम छानबिन समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

देहायः

१. नारद सिंह उर्याल (संयोजक) वडाध्यक्ष -२

२.गज बहादुर विष्ट -सदस्य

३. राज बहादुर विष्ट (प्रशासन) –सदस्य

प्रस्ताव नं. ३ कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं ३ माथी छलफल हुदाँ यस गाउँपालिकाको देहायको कार्यविधि संशोधन गरि पास गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

देहायः

"घ" वर्गको निर्माण व्यवसायको नयाँ ईजाजत पत्र जारी,ईजाजत पत्र नवीकरण,नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि , २०७५।

प्रस्ताव नं. ४ कार्यविधि पास गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं ४ माथी छलफल हुदाँ यस गाउँपालिकाको देहायको कार्यविधि पास गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

देहायः

"पूर्वानुमानमा आधारित विपद् पूर्व तयारी तथा अग्रिम प्रतिकार्य कार्यविधि, २०८२"

प्रस्ताव नं. ५ क्षतिपूर्ती दिने सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल हुदा बेलडाँडी गाउँपालिका ५ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माण स्थलमा प्रयोग भएको जमिनमा लगाएको उखु खेतीको क्षति हुन गएकोले नीज किसान हरिलाल राना लाई आर्थिक सहायता शिर्षकबाट रु.५०,०००/- भुक्तानी दिने निर्णय सर्व सम्मतीले पारित गरियो ।

प्रस्ताव नं. ६ नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान गर्ने अभियान कर्ताको सेवा सुविधा सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल हुदा बेलडाँडी गाउँपालिका प्राथमिक स्वास्थ्य संस्थामा अभ्यङ्गकर्ताको रुपमा कार्यरत कर्मचारीलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकू काठमाण्डौको प सं २०८२/८३ च नं ५४ मिति २०८२/०५/०६ गतेको प्राप्त पत्रानुसार वैद्य वा सो सरहको न्युनतम पारिश्रमिक उपलब्ध गराउने परिपत्रानुसार सम्बन्धित कार्यरत कर्मचारीको शैक्षिक योग्यता समेत पुगेको हुनाले निजलाई वैद्य वा सो सरहको पारिश्रमिक उपलब्ध गराउने र आगामी आर्थिक वर्षमा शसर्त अनुदान मार्फत बजेट प्राप्त नभएको खण्डमा हाल खाईपाई आएको पारिश्रमिकमा नबढ्ने गरि २०८२ कार्तिक महिनाबाट लागु हने गरि वैद्य वा सो सरह पदमा पदस्थापन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ७ आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल हुदा देहायका शैक्षिक संस्थाका विद्यार्थीहरुले शैक्षिक भ्रमणका लागि आर्थिक सहयोग माग गरेको हुदा आर्थिक सहयोग शिर्षकबाट देहाय वमोजिमका विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्व सम्मतिले पारित गरियो ।

देहाय -

१. रौलेश्वर जनता आदर्श जनता बहुमुखी क्याम्पस – रु.३५,०००/-

२.कक्षा १२ संचालन भएका विद्यालय लाई –रु.३०,०००/-

प्रस्ताव नं ८ CCTV Camera जडान गर्ने सम्बन्धमा ।

निर्णय नं ८ यस गाउँपालिकाको वडा नं २ अन्तरगत क्याम्प ,चवन्नी बजार र बेलडाँडी बजार क्षेत्रमा CCTV Camera जडान गर्न आवश्यक खरिद प्रकृया अगाडी बढाउने निर्णय सर्व सम्मतीले पारित गरियो ।

प्रस्ताव नं. ९ सिद्धनाथ रामलिला समितिलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा सिद्धनाथ रामलिला समिति, वडा नं. १ लाई रामलिला कार्यक्रम संचालन वापत धर्म संस्कृति प्रवर्द्धन शिर्षक बाट आर्थिक सहायता रु.१,८०,०००/- गराउने निर्णय सर्व सम्मतिले पारित गरियो ।

प्रस्ताव नं. १० आँखा शिविर संचालन सम्बन्धमा ।

निर्णय नं. १० माथि छलफल गर्दा गेटा आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा शिविर कार्यक्रम संचालनार्थ रु.१,००,०००/- पुषको सभाबाट रकमानान्तर गरि भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं. ११ साझेदारी कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णय नं. ११ माथि छलफल गर्दा NNSWA को प्राविधिक सहयोगमा पालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य चेकजाँच गरि अपाङ्गता सहायक सामग्री वितरणका लागि आगामी पुषको हिउँदे सभाबाट आवश्यक बजेट रु.२,००,०००/- को व्यवस्था भएपछि कार्यक्रम संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव नं. १२ आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. १२ माथि छलफल गर्दा अलपत्र परेका तथा सडक बालबालिका हरुको हेरचाह तथा संरक्षणका लागि खाद्यान्न सहयोगार्थ कार्यक्रम प्रस्तावका आधारमा दृष्टि फाउण्डेशन, धनगढी लागि आगामी पुषको हिउँदे सभाबाट आवश्यक बजेट रु.५०,०००/- को व्यवस्था गर्ने गर्ने सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. १३ बैजनाथ मन्दिर जाने फुटपाथ निर्माण सम्बन्धमा ।

निर्णय नं. १३ माथि छलफल गर्दा वडा नं. १ बैजनाथ मन्दिर जाने फुटपाथ निर्माणमा चालु आरथिक वर्षमा रु.५०,०००/- मात्र विनियोजन भएको तर उक्त रकमले निर्माण कार्य अधुरो रहने भएकाले आगामी पुषको हिउँदे सभाबाट रु.५०,०००/- थप बजेटको व्यवस्था गरि हाललाई निर्माण कार्य प्रारम्भ गर्ने सर्वसम्मति बाट पारित गरियो।

प्रस्ताव नं. १४ निरीक्षण अधिकृत तोक्ने सम्बन्धमा ।

निर्णय नं. १४ माथि छलफल गर्दा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग को मिति २०८२/०६/०७ को पत्रानुसार यस कार्यालयका अधिकृत पदका सिद्धराज भट्टलाई निरीक्षण अधिकृत तोकिदिन सहमतिका लागि सम्बन्धित विभागमा लेखि पठाउने सर्व निर्णय सम्मति बाट पारित गरियो।

प्रस्ताव नं. १५ विल्ड अन संस्थासंग साझेदारीमा विद्यालय भवन निर्माणका लागि थप रकम सम्बन्धमा

निर्णय नं. १५ माथि छलफल गर्दा विल्ड अन संस्था संग साझेदारीमा विद्यालय भवन निर्माण भएका ३ वटा विद्यालय मध्ये कालिका आ.वि., वडा नं. १ र राधाकृष्ण आ. वि., वडा नं. ३ लाई भवन

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

निर्माणमा सम्झौता अनुसार अदक्ष कामदारको हुन आउने रकम अपुग भएकोमा रु.२,००,०००/-(रु. दुई लाख मात्र) रकम नबढ्ने गरि  आउँदो पुषको हिउँदे सभाबाट रकमानान्तर गरि भुक्तानी गर्ने निर्णय सर्व सम्मति बाट पारित गरियो।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत